पोखरा रोयल सहकारी संस्था लि. को बुलेटिन

# सहकारी समाचार

पोखरा-१०, बुद्धचोक, कास्की

❑ २०७६ ❑ वर्ष १३ ❑ अंक १

## १७औं वार्षिक साधारण सभा सम्पन्न

*२०७५ असोज २७*

**पोखरा रोयलको साधारण सभा सन्देश मुलक**




पोखरा रोयल साकोसको १७औं साधारण सभा सम्पन्न भएको छ। गण्डकी प्रदेशका मुख्य सचिव लक्ष्मीराम पौडेलले रोयलको गतिविधिबाट आफू प्रभावित भएको र रोयल नेपालकै नमुना सहकारी बन्ने कुरामा आफू ढुक्क रहेको कुरा व्यक्त गर्नुभयो। रोयलको प्रतिवेदन हेर्दा उहाँ पनि कार्य क्षेत्रभित्रको व्यक्ती भएकोले आजबाट नै सदस्य बन्न आतुर रहेको कुरा समेत व्यक्त गर्नुभयो। पोखरा रोयलको साधारण सभा नितान्त बेग्लै तवरले सन्चालन भएको थियो साधारण सभामा कसैलाई पनि मञ्चमा लगिएको थिएन भने प्रमुख अतिथी बाहेक अरू बक्ता समेत थिएनन्। साधारण सभामा स्वास्थ्य सम्बन्धि डा. कालू शर्मा र सहकारीमा संरक्षित पुजी फिर्ताको अभ्यासमा नेफ्स्कुनका प्राचार्य सञ्जयराज तिमिल्सिनाले प्रशिक्षण दिनुभएको थियो। साधारण सभामा ७० बर्ष उमेर पुगेका शेयर सदस्यलाई जेष्ठ सदस्य सम्मान, ७५ बर्ष उमेर पुगेका सदस्यलाई वार्षिक ५ हजार पेन्सन बितरण गरिएको थियो। त्यसैगरी सामाजिक उत्तरदायित्व अन्तर्गत सिसि टिभी जडानको लागि जिल्ला सहकारी संघलाई रू २५ हजार प्रदान गरिएको थियो। त्यसैगरी विशेष सम्मान अन्तर्गत संस्थाले सञ्चालन गरेको प्रौढ शिक्षा पढेर हाल एस.ई.ई. पास गर्न सफल पुर्णकला घर्तीलाई सम्मान गरिनुका साथै शेयर सदस्य डा. गिरिधारी शर्मा पौडेल प्रदेश निति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्ति हुनुभएकोमा बिशेष सम्मान गरिएको थियो। त्यसैगरी बर्षको उत्कृष्ट सदस्य विश्व रत्न शाक्य र बबर जङ गुरूङ सम्मानित हुनुभएको थियो भने रोयल प्रतिभा पुरस्कारबाट शेयर सदस्य डा. विश्व मोहन भट्टराईकी छोरी श्रृङ्गार भट्टराईलाई नगद रू. ११ हजारले पुरस्कृत गरिएको थियो। त्यसैगरी बर्षको सर्वोत्कृष्ट कर्मचारी हुन सफल हुनुभएकोमा ज्योति गुरूङलाई नगद रू. १५ हजार र १ ग्रेड थप गरी पुरस्कृत गरिएको थियो। कुल ४,५५४ जना शेयर सदस्य भएको रोयलमा १७ करोड ४२ लाख शेयरपुँजी, ७ करोड ८७ लाख जगेडाकोष, १ अर्व निक्षेप, १ अर्व ८ करोड ऋण लगानी गरी ५ करोड ८० लाख सन्चालन बचत र कुल सम्पत्ति १ अर्व ४४ करोड रहेको छ। रोयलले बुद्धचोक स्थित प्रधान कार्यालयका साथै २ वटा सेवा केन्द्रबाट पनि आफ्नो सेवा सदस्य सामु पुऱ्याएको छ र आजको साधारण सभा सन्देश मुलक रहेको थियो।

## सहकारी सिकाउने केन्द्र बन्यो रोयल



बिश्वमा सहकारी स्थापनाको एक शताब्दी पछि मात्र नेपालमा सहकारी शूरूवात भएको हो । सबै भन्दा धेरै मानिस आवद्ध रहेको संस्था भनेको सहकारी संस्था हो । नेपालमा करिब ३५ हजारको हाराहारी सहकारी संस्थाहरू रहेका छन यी मध्ये ५० प्रतिशत बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू रहेका छन् । ६३ लाख भन्दा धेरै ब्यक्ति सहकारीमा आवद्ध रहेका छन । सिकाई अनन्त रहने गर्दछ । शिक्षा लिने काम कहिले सकिदैन । सहकारी धेरै



क्षेत्रमा क्रियाशिल हुन सक्ने ब्यावसायिक संरचना भएकाले यसमा लाग्ने हरेक ब्यक्ति शिक्षा तालिममा दक्षता हासिल गरेको हुन आवश्यक छ । एउटा सहकारी संस्थाले गरेको वित्तिय कारोबार र अन्य गतिबिधिहरूको बारेमा जानकारी लिने उद्देश्यले सहकारीहरूको अध्ययन अवलोकन गर्ने प्रचलन बढदै आएको छ । पोखरा रोयल सहकारी संस्थाको प्रस्ट नीति नियम,व्यवस्थापकिय कार्यकुशलता, वित्तिय पारर्दशीता, बिधिको शासन, सामाजिक उत्तरदायित्वका कार्यक्रम र पछिल्लो समयमा आएका नयाँ नयाँ प्रबिधिहरूको प्रयोगसँगै संस्थाले आफ्नो बित्तिय गतिबिधिमा फड्को मारेको कारणले गर्दा धेरै सहकारीहरूको नजरमा परेको छ । संस्थाले गरेका गतिबिधीहरूका कारणले गर्दा पोखरा रोयल सहकारी संस्था सहकारी सिकाउने केन्द्र बनेको छ । पुर्व ताप्लेजुङ देखी पश्चिम दार्चुलासम्मका सहकारीहरूको अवलोकन भ्रमणको रोजाईमा रहेको छ । यसै बर्ष मात्र २५०० भन्दा बढी सहकारी कर्मीहरूले यस संस्थाको अध्ययन अवलोकन भ्रमण गरेको जानकारी संस्थाका प्रशासन बिभाग प्रमुख उमनाथ आचार्यले बताउनु भयो ।

## अर्धवार्षिक समीक्षा गोष्ठी

*२०७५ माघ*



पोखरा रोयल साकोसलेएक कार्यक्रमका बिच चालु आ.व.को अर्धवार्षिक समिक्षा गोष्ठी सम्पन्न गरेको छ । आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम बारेमा संस्थाका सचिव तथा नेफ्स्कुनका संचालक भीम बहादुरगुरूङले सहजिकरण गर्नुभएको थियो । चालु आ.व. ०७५/०७६ को बजेटको बारेमा संस्थाका मुख्य प्रवन्धक मीलन ढकालले सहजिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रोवेशन सुचाङ्कको बारेमा अधिकृत लिलाधर पौडेलले सहजिकरण गर्नुभएको थियो । समिक्षा कार्यक्रममा समिति उपसमिति र कर्मचारी ब्यवस्थापनको उपस्थिति रहेको कार्यक्रमको उद्घाटन अध्यक्ष मेजर तुलसी प्रसाद गुरूङले गर्नुभएको थियो ।


## हार्दिक बधाई



सहकारी क्षेत्रका धरोहर श्री कृष्ण बहादुर (के.बी.) उप्रेती ज्यू राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५औं बार्षिक साधारण सभा बाट अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको कामना गर्दछौ ।

मे. तुलसी प्रसाद गुरुङ
अध्यक्ष एवं
पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा म.न.पा-१०, बुद्धचोक
परिवार

## रोयलको आफ्नै एटिएम सेवा

पोखरा रोयल सहकारी संस्थाले ए.टि.एम. सेवा सञ्चालनमा ल्याएको छ । सहकारीको कार्यालय बुद्धचोक पोखरासँगै सञ्चालनमा आएको ए.टि.एम. मेसिन सेवाको सोमबार एक कार्यक्रमका बीच गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेख बहादुर थापाले उद्घाटन गरे ।



उक्त अवसरमा बोल्दै थापाले सहकारीहरू पछिल्लो समय आधुनिक बन्ने क्रम बढेको बताए । 'सहकारीहरू समय सापेक्ष परिवर्तन हुँदै अगाडि बढ्नुपर्छ,' उनले भने, 'वित्तीय कारोबार गर्ने संस्थाहरूका लागि ए.टि.एम. अपरिहार्य तथा अति आवश्यक छ ।' ए.टि.एम.ले सहकारीलाई प्रविधिमैत्री बनाउन समेत सहयोग पुग्ने उनले बताए ।

कार्यक्रममा बोल्दै जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले ए.टि.एम. सेवा सञ्चालन गर्नु सहकारी क्षेत्रका लागि गौरवको विषय भएको धारणा व्यक्त गरें । 'सहकारीहरू सक्षम र सवल छन् भनेर पोखरा रोयलले प्रमाणित गरेको छ,' उनले भने, 'सहकारी क्षेत्रले धेरै राम्रा र प्रविधिमैत्री सेवा भित्र्याउन सक्छन् ।'

आफ्ना सेयर सदस्यहरूको हितलाई ख्याल गर्दै र सहकारीलाई आधुनिक तथा प्रविधिमैत्री बनाउने क्रममा ए.टि.एम. सेवा सञ्चालनमा ल्याइएको सहकारीका सचिव भीम गुरूङलेजानकारी दिए । 'लामो समयको प्रयास पछि हामीले ए.टि.एम. सेवा सञ्चालन गर्न सक्षम भएका छौं,' उनले भने । ए.टि.एम. सेवा सञ्चालन गर्ने कास्कीको पहिलो सहकारी समेत पोखरा रोयल बनेको छ ।

ए.टि.एम.को स्थापनासँगै सहकारीले आफ्ना सेयर सदस्यहरूलाई एस.सि.टी. कार्ड वितरण सुरू गरेको मुख्य प्रवन्धक मीलन ढकालले जानकारी दिए । पोखरा रोयलले वितरण गर्ने एस.सि.टी. कार्ड नेपाल भरका ए.टि.एम. मेसिनमा प्रयोग गरेर पैसा निकाल्न सकिने एस.सि.टी.का प्रवन्धक दीपक मास्केले जानकारी दिए । पोखरा रोयल सहकारीले आधुनिक बैंकिङ प्रणाली अनुसार नै आफ्ना सेयर सदस्यलाई सेवा सुविधा प्रदान गरिरहेको छ । सहकारीले यस अगाडि २४ सैं घन्टा मोबाइल बैंकिङ लगायतका सेवा सञ्चालन गरिसकेको छ । सहकारीमा अहिले ५ हजार जना सेयर सदस्य छन् ।

**आर्थिक आवाज पत्रिकाबाट साभार**
पोखरा, ७ माघ ।

## सहकारी संघ-संस्थाको आयकरमा छुट

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदका दुवै सदनबाट पारित भई आयकर ऐन, २०५८ मा संशोधन गरी सहकारी संघ-संस्थाले तिर्नुपर्ने आयकरमा छुटको व्यवस्था भएको छ ।

उक्त ऐनको अनुसूचि १ को दफा २ को (क) को ३ लाई संशोधन गरी सहकारी ऐन, २०७४ वमोजिम दर्ता भई नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका क्षेत्रमा संचालन भएका बचत तथा ऋण सहकारी संस्था वा संघलाई साविकमा २० प्रतिशत आयकर लाग्दै आएकोमा उक्त करको दरमा नगरपालिका क्षेत्रमा संचालितलाई ७५ प्रतिशत र उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र संचालितलाई ५० प्रतिशत छुटको व्यवस्था गरेको छ ।

यस व्यवस्थाबाट हाल नगरपालिकामा संचालित बचत तथा ऋण सहकारी संघ-संस्थाले आयकरको ५ प्रतिशत र उपमहानगरपालिका र महानगरपालिकामा संचालित सहकारी संघ-संस्थाले आयकरको १० प्रतिशत मात्र कर बुझाउनु पर्ने व्यवस्था भएको छ । आ.ब. २०७५/७६ को आर्थिक ऐनमा सहकारी संघ-संस्थाले बुझाउनु पर्ने आयकर व्यवस्था साविक मै भएको हुदा सहकारी ऐन, २०७४ मा भएको कर सम्वन्धी व्यवस्थामा समानजस्यता नभएकोले धेरै सहकारीकर्मी निरास भई नेपालको सहकारी अभियानको शीर्षस्थनिकाय राष्ट्रिय सहकारी महासंघको पहलमा नेपाल सरकारको मन्त्रि स्तरिय निर्णयअनुसार सहकारी ऐन, औधोगिक ऐन र आयकर ऐनको वीचमा समानजस्यता कायम गर्नका लागि सिफारिस गर्न अर्थ मन्त्रालयका तत्कालिन राजस्व सचिव शिशिर ढुंगानाको संयोजकत्वमा एक कार्यदल गठन भएको थियो । कार्यदलका सदस्यहरुमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका तत्कालिन सह-सचिव रघुराम विष्ट, सहकारी अभियानको तर्फबाट महासंघका संचालक तथा राष्ट्रिय सहकारी बैंकका नि.वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, उद्योग मन्त्रालयका सह-सचिव दिनेश भट्टराई र आन्तरिक राजस्व विभागका महा-निर्देशक विष्णु प्रसाद नेपाल र सदस्य सचिवमा अर्थ मन्त्रालयका रामशरण पुडाशैनी रहनु भएको थियो ।

## सहकारीको साक्षरता तालिम प्रभावकारी बन्दै

पोखरा रोयल सहकारी संस्था लि.ले आयोजना गरेको साक्षरता तालिम समापन भएको छ। पोखरा रोयल सहकारी संस्था लि. पोखरा १० बुद्धचोक, कास्कीको आयोजना तथा १५ नं. वडा कार्यालयको स्थानीय व्यवस्थापनमा मिति २०७५ भाद्र २० गते देखी पोखरा म.न.पा १५ निर्मल बस्तीमा सञ्चालन गरेको प्रौढ शिक्षा साक्षरता तालिम संस्थाका उपाध्यक्ष श्री रूद्रकुमारी गुरूङको अध्यक्षता र



वडा नं. १५ का बडाध्यक्ष प्रकाश पौडेलको प्रमुख आतिथ्यतामा समापन भएको थियो । समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले सहकारी संस्थाहरूले समुदायमा यस्ता प्रकारका सामाजिक उत्तरदायित्तवका काम गरी उदाहरणीय काम गरेको बताउनु भयो । सहकारी बचत तथा ऋणको कारोबारमा मात्र सिमित नरही बिपन्न बर्ग र सिप नभएका व्यक्तिहरूलाई व्यवसायिक तालिमहरूको समेत व्यवस्था गरी लघु उद्यमी तथा व्यवसायिकताको बिकास गर्ने समेतका कार्यक्रमहरूलाई सञ्चालन गर्न सुझाव दिनुभयो। कार्यक्रममा बोल्दै संस्थाका लेखा तथा सुपरिबेक्षण समितिका संयोजक हर्कबहादुर गुरूङले बिगतका बर्षहरू देखी नै यस्ता खालका कार्यक्रम सञ्चालन गरिएको र आगमी बर्षहरूमा पनि निरन्तरता दिने बताउनु भयो । यस साक्षरता कार्यक्रममा २३ जना महिलाहरूको सहभागीता रहेको थियो । सहभागीहरूलाई समापन कार्यक्रममा प्रमाण पत्र समेत बितरण गरेको थियो । साक्षरता तालिममा उत्कृष्ठ हुने पहिलो, दोस्रो, तेस्रो र सान्तवनालाई पुस्कार समेत बितरण गरिएको थियो। समापन कार्यक्रममा बडा नं १५ का वडा सदस्य तोरण बहादुर बानियाले सहभागीहरूलाई स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा संस्थाको तर्फबाट सचिव भीम गुरूङ, सञ्चालक कृष्ण ढकाल र वडा नं. १५ का शिक्षा समितिका सदस्य शिब भण्डारीको समेत सहभागीता रहेको थियो। समापन कार्यक्रम संस्थाका लघुबित्त बिभाग प्रमुख लिलाधर पौडेलले सञ्चालन गर्नुभएको थियो। हाल सम्म पोखरा रोयल सहकारी संस्थाले कास्की र स्याङ्जाका बिभिन्न स्थानहरूमा ५५० भन्दा बढि व्यक्तिहरूलाई साक्षरताको तालिम सञ्चालन गरी साक्षर बनाएको छ।

## नेफस्कूनको सिईओ वर्कसप हुदै

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून) को आयोजनामा यहि मिति २०७६ जेठ १६ र १७ गते काठमाडौमा बचत तथा ऋण सहकारीका व्यवस्थापकहरूको राष्ट्रिय गोष्ठी (सिईओ वर्कसप) हुने भएको छ । गोष्ठीमा देशैभरका गरी करिब ६०० व्यवस्थापन प्रमुखहरूको सहभागिता रहने र उक्त गोष्ठीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहजकर्ताबाट प्रशिक्षण दिने कार्यक्रम रहेका नेफ्स्कूनका सञ्चालक तथा गण्डकी प्रदेश संयोजक भीम गुरूङ्गले बताउनुभयो ।

नेफ्स्कून हरेक ३/३ वर्षमा सहकारीका व्यवस्थापकहरूलाई लक्षित गरी यसखाले गोष्ठी आयोजना गर्दै आएको छ। सहकारीमा आवद्ध व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गर्ने, सहकारीका कारोबारलाई नीति, विधी र प्रविधी मैत्री बनाउन विभिन्न अनुभवहरू आदानप्रदान गर्ने र विकसित मुलुकहरूमा प्रयोगमा आएका व्यवस्थापन शीपहरूलाई नेपाली सहकारी क्षेत्रमा भित्र्याउन गोष्ठी सफल हुनेमा सञ्चालक गुरूङ्ग विश्वस्त हुनुहुन्छ । नेफस्कूनमा हाल देशभरका करिब ३५०० बचत ऋण सहकारी संघ संस्थाहरू प्रत्यक्ष रूपमा आवद्ध छन् भने जिल्ला संघहरू मार्फत गरी अप्रत्यक्ष रूपमा ८००० बढी संस्थाहरू आवद्ध रहेका छन्। नेफस्कूनले सदस्य संस्थाहरूमा आवद्ध मानव संसाधनलाई प्रतिस्पर्धी र क्षमतावान बनाउन राष्ट्रिय स्तरको साकोस शिखर गोष्ठी, लेखा समितिको राष्ट्रिय गोष्ठी, महिला राष्ट्रिय गोष्ठी र प्रदेश स्तरमा यूवा गोष्ठी सञ्चालन गर्दै आईरहेको छ भने जिल्ला तथा क्षेत्रीय स्तरमा विभिन्न तालिम तथा गोष्ठीहरू सञ्चालन गर्दै आईरहेको छ।


हार्दिक बधाई



यस पोखरा रोयल सहकारी संस्था लि.का सचिव श्री भीमबहादुर गुरुङ ज्यू पोखरा महानगरपालिकाको सहकारी समितिको विज्ञ सदस्यमा मनोनित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा म.न.पा-१०, बुद्धचोक
परिवार

## ग्रामीण क्षेत्रमा पनि वित्तिय सेवा

पोखरा रोयल सहकारी संस्था लि.ले गत बर्षदेखि शूरूवात गरेको लघुवित्त कार्यक्रम संस्थाको कार्यक्षेत्र भित्र रहेका ग्रामिण भेगमा समेत वित्तिय सेवा प्रदान गरेको छ । वित्तिय सेवा प्रदान गर्ने क्रममा यस बर्ष कास्की जिल्लाको मादी गाउँपालिका १ र



१२ र तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका ४, ११ र १२ साथै यस आसपासका क्षेत्रमा गरी करिब ५०० जना भन्दा बढि स्थानियहरूलाई सहकारी अभिमुखीकरण तथा सचेतना कार्यक्रम गरिरहेको छ । सहकारी अभिमुखीकरण कार्यक्रम पश्चात सदस्यता बिस्तार गरी १४६ वटा समुह मार्फत बित्तिय सेवा प्रदान गरेको छ । समुह मार्फत मासिक बचत र सामुहिक जमानीमा बिना धितो ऋण लगानी गरी सदस्यहरूलाई व्यवसायिक बनाउनुको साथै ऋण लगानी पश्चात आय आर्जन गर्ने सम्बन्धी सीपमुलक कार्यक्रम सञ्चालन गरेको छ । बचत र ऋण सँगसगै बीमा र सदस्य राहतका कार्यक्रमहरू सञ्चालन गरी यस बर्ष ५ जना सदस्यहरूलाई शिशु स्याहार बापतको रकम जनही रू ३००० का दरले बितरण गरेको जानकारी संस्थाका लघुबित्त अधिकृत लिलाधर पौडेलले जानकारी दिनु भयो ।



केन्द्र नं. ६ की सदस्य जुनमाया गुरूङ्ग मासिक रूपमा बचत गर्न सहज भएको र व्यवसाय गर्न सीप भएको तर पुँजी कम भएको हुँदा आफुले व्यवसाय सञ्चालन नगरेको, हाल आएर पोखरा रोयल सहकारी संस्थाबाट ऋण लिई कुखुरा पालन व्यवसाय सञ्चालन गरेको हुनाले आम्दानी समेत राम्रो भएको बताउँछिन् ।

## आयमुलुक तालिम सम्पन्न

पोखरा रोयल सहकारी संस्थाले आफ्ना लघुवित्त समुहमा आवद्ध महिला शेयर सदस्यलाई एकदिने बेमौसमी तरकारी खेती सम्बन्धि तालिम प्रदान गरेको छ । तनहुँ जिल्लाको शुक्लागण्डकी न.पा. ११ को वडा कार्यालयमा संचालन गरिएको कार्यक्रममा राईपुर, वाँसपानी, अलैचे, खल्लुवोट र शु.न.पा. १२ को ओफा, लामाथर, फेदीका ४५ जना महिला सदस्यहरूको सहभागीता रहेको थियो । शु.न.पा.



११ का वडाध्यक्ष दल बहादुर थापाले उक्त कार्यक्रमको उद्घाटन गर्दै सहकारीले प्रदान गरेको यस्ता प्रकारको तालिमले महिलाहरूलाई ब्यवसायिक बनाउने र आय आर्जन गर्न समेत थप टेवा पुग्ने वताउनु भएको थियो । तालिम पछि सदस्यले सिकेका कुराहरू ब्यवहारमा लागु गरेका छन् कि छैनन् भने र संस्थाले निरिक्षण अनिवार्य रूपमा गर्नुपर्ने थापाले सुझाव दिनुभएको थियो । उक्त तालिमको प्रशिक्षण सरस्वती गौतमले दिनुभएको थियो । उहाँले बेमौसमी तरकारी खेती सम्वन्धि तालिममा बिउ छनौट, उपयुक्त माटो, मल, बारी छनौट, बेर्ना उमार्ने तरीका, सिचाई, रोगको जैविक तथा किटनासक औषधीको प्रयोग, उत्पादन तथा बजारको बारेमा जानकारी दिनुभएको थियो । प्रशिक्षक गौतमले तालिममा सिकेका कुराहरू ब्यवहारमा लागु गर्न र उत्पादन गरेर बढी भएको तरकारीहरू लाज नमानी बेच्न अनुरोध गर्नुभएको थियो । कार्यक्रममा अध्यक्षको मन्तव्य राख्दै संस्थाका प्रशासन तथा ब्यवसाय प्रर्वद्धन बिभाग प्रमुख उमनाथ आचार्यले पोखरा रोयल सहकारीले आफ्ना सदस्यलाई बचत तथा ऋणको कार्यक्रम मात्र नभइ सदस्यलाई व्यवसायिक र उद्यमशिलतामा बनाउने समेत अग्रसर कार्यक्रमहरू संचालन गर्दै आएको बताउनुभयो । उक्त कार्यक्रमको संचालन संस्थाका लघुवित्त विभाग प्रमुख लिलाधर पौडेलले गर्नुभएको थियो । तालिममा सिकेका कुराहरू व्यवहारमा लागु भए नभएको निरिक्षण गर्न संस्थाको तर्फवाट आइरहने र सिकेको सिपलाई खेर नफाल्न अनुरोध गर्नुभएको थियो ।

## सहकारी लेखा तथा वित्तीय विश्लेषण तालिम सम्पन्न

*२०७५ चैत्र १८*

पोखरा महानगरपालिका सहकारी समितिको आयोजना तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशको आर्थिक सहयोगमा सञ्चालित ६ दिने सहकारी लेखा तथा वित्तीय विश्लेषण तालिम सम्पन्न भएको छ। महानगर तथा प्रदेश कार्यक्षेत्र भएका २७ वटा विभिन्न प्रकृतिका सहकारीका सञ्चालक तथा कर्मचारीलाई लक्षित गरी सञ्चालन गरेको तालिम कार्यक्रमको समापन महानगर प्रमुख मानबहादुर जिसीले गर्नुभएको हो।

उक्त अवसरमा प्रमुख जिसीले तालिममा सिकेका विषयहरूलाई व्यवहारमा उतार्न र आफ्नो संस्थाको हिसाब किताब चुस्त दुरूस्त




राख्न र संस्थाको वित्तीय विश्लेषण गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न अनुरोध गर्नुभयो। साथै वहाँले महानगरले छिट्टै मापदण्ड बनाई सहकारीको अनुगमन निरीक्षण गरिने बताउनु भयो।

२१ वटा कक्षा मार्फत १० प्रशिक्षकहरूबाट सहकारीको अवधारणा, सफल सहकारीका सूत्रहरू, पर्ल्स विश्लेषण, वित्तीय विश्लेषण, सहकारीका आधारभूत नीतिहरू, सहकारी कानून, कोपोमिस जस्ता विषयहरूमा प्रशिक्षण गराईएको थियो। सहकारी समितिका अध्यक्ष तेजनारायण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा समितिका सदस्यद्धय पूर्णकुमार गुरूङ्ग, राधिका योगी र दर्ता अधिकारी गंगालाल सुवेदी लगायतले बोल्नुभएको थियो। हाल महानगरमा ३३४ वटा सहकारीहरू सञ्चालन रहेका छन्।

## सहकारीमा लेखा तथा कर व्यवस्थापन तालिम

कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको आयोजनामा २ दिने सहकारीमा लेखा तथा कर व्यवस्थापन तालिम सम्पन्न भएको छ। चार्टड एकाउन्टेन्ट राजकुमार फुयालले उक्त तालिमको सहजिकरण गरेका थिए।



तालिममा ५० सहकारी संस्थाका ५५ जना सहभागिता थियो। भर्खर मात्र आयकर ऐनमा संशोधन हुँदा सहकारी संस्थामा कर कसरी दाखिला गर्ने भन्ने विषयमा दुविधा भैरहेको वेला यो तालिम अति उपयोगि भएको कुरा क्लवका सचिव अपिल कोईरालाले बताए। २ दिनको तालिममा सहकारी संस्थामा व्यवस्थित तरिकाले लेखा कसरी राख्ने, आयकरको गणना कसरी गर्ने, टिडिएसहरूको दाखिला कुन-कुन समयमा गर्ने, पारिश्रमिक कर कसरी गणना गर्ने, इटिडिएस कसरी गर्ने, राजश्वको शिर्षकहरू के-के हुन्छन, समयमा कर दाखिला नगरेमा के हुन्छ, कति रकम र कस्तोविलको टिडिएस कसरी गर्नुपर्दछ, आयकर ऐनमा सहकारी सम्बन्धी के व्यवस्था छ, वासलात र आय विवरण कसरी बनाउनेलगायतका थुप्रै विषयमा ज्ञान प्राप्त भएको सहभागिहरूले वताए।

क्लवका अध्यक्ष मीलन ढकालले क्लवले विगतमा दर्जनौ तालिमहरू सञ्चालन गरिसकेको र भविश्यमा पनि सहकारी सम्बन्धी वहुउपयोगि तालिमहरू सञ्चालन गर्नेछ र यस्ता तालिममा सिकेका कुराहरू सम्बन्धित संस्थामा तुरून्त लागु गर्नुहुन सहभागिलाई अनुरोध गरे। तालिम लिनु मात्र ठुलो कुरा हैन त्यसलाई कतिको प्रयोगमा ल्याई यो भन्ने विषय महत्वपुर्ण हुन्छ। ढकालले भने, सि.एम.सि. कास्की एउटा क्वालिटी सर्कल हो र यसले सहकारीको अभियानमा नयाँ ढंगले काम गरिरहेको छ र आगामी दिनमा अझ थप सशक्त भएर आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नेछ।

## वितिय साक्षरता कार्यक्रम

*२०७५ फागुन*



पोखरा रोयल सहकारी संस्था लि. यस बर्ष देखी सदस्यहरूको लागि बितिय सारक्षता तालिम नियमित रूपमा सञ्चालन गर्दै आईरहेको छ । संस्थामा सदस्य मात्रै बनेर सदस्यहरूको आर्थिक जीबन स्तर परिबर्तन गर्न नसक्ने भएकोले सदस्यहरूलाई वित्तिय साक्षरताका तालिमहरूको आवश्कता भएको हुनाले संस्थाले साक्षरता कार्यक्रमलाई जोड दिदै आएको छ । कमाएर मात्रै धनी बन्ने होइन बचत गरे मात्र धनी भइन्छ भन्ने मान्यता अनुसार सदस्यको कमाई भएको रकम कसरी बचत गर्न र जीबनमा बचतको फाइदा र महत्वको बारेमा समेत सदस्यहरूलाई बित्तिय साक्षरता कार्यक्रम मार्फत प्रशिक्षण गरीरहेको छ। संस्था मार्फत ऋण लिने सदस्यहरूलाई ऋण सम्बन्धी परामर्ष समेत दिदै आएको छ । यस आ ब देखी शूरूवात गरेको बितिय साक्षरता कार्यक्रम करिब ३०० जना भन्दा बढि सदस्यहरूलाई तालिम प्रदान गरेको छ । तालिम कार्यक्रमको सहजीकरण संस्थाका प्रबन्ध निर्देशक, मूख्य प्रबन्धक, प्रबन्धक र अधिकृत स्तरका कर्मचारीहरूले गरिरहनु भएको जानकारी संस्थाका प्रबन्ध निर्देशक भीम गुरूङ्गले बताउनु भयो ।

## महिनाका उत्कृष्ट सदस्यहरू

| महिना | नाम | ठेगाना |
|---|---|---|
| साउन | इन्द्र बहादुर गुरूङ | पोखरा-२९ |
| भदौं | अनुज बाबु श्रेष्ठ | पोखरा-९ |
| असोज | देवेन्द्र श्रेष्ठ | पोखरा-८ |
| कार्तिक | शान्ति गुरूङ | पोखरा-१० |
| मंसिर | नौजंग गुरूङ | पोखरा-४ |
| पुस | मोहनराज विश्वकर्मा | पोखरा-१७ |
| माघ | धगुमाया गुरूङ | पोखरा-१० |
| फागुन | हुमादेवी पौडेल | पोखरा-१० |
| चैत्र | किसन कुमार खनाल | पोखरा-१४ |
| बैशाख | हुम माया गुरूङ | पोखरा-२९ |

## सहकारी बैकको अन्तरकृया कार्यक्रम

राष्ट्रिय सहकारी बैक लि.पोखरा शाखाको आयोजनामा बैकका पोखरा क्षेत्र अर्न्तगतका सदस्य संघ संस्थाहरूसंग एकदिने अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ । बैकका नवनिर्वाचित अध्यक्ष केबी उप्रेतको प्रमुख आतिथ्यतामा सम्पन्न अर्न्तकृया कार्यक्रममा अध्यक्ष उप्रेतीले बैकले देशैभर शाखा सञ्जाल पुर्‍याउने र सहकारी मार्फत स्थानीय उत्पादन वृद्धि र रोजगारी सिर्जन गरिने कुरामा जोड दिनु भयो ।

अर्न्तकृया कार्यक्रममा नेफ्स्कूनका सञ्चालक भीम गुरूङ., कास्की जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष सुदिप ढकाल, पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष तेजनारायण अधिकारी, जिल्ला सहकारी संघ लि.का वरिष्ठ उपाध्यक्ष बलराम गौतम, कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीका अध्यक्ष मीलन ढकाल लगायतका बक्ताहरूले नवनिर्बाचित सञ्चालकहरूलाई बधाई ज्ञापन गर्नुका साथै सफल कार्यकालको लागि शुभकामना व्यक्त गरेका थिए। शाखा समन्वय उपसमिति पोखराका सहसंयोजक मेजर तुलसीप्रसाद गुरूङ.को अध्यक्षतामा सम्पन्न अर्न्तकृया कार्यक्रममा बैकका सञ्चालक तथा गण्डकी प्रदेश संयोजक रामबहादुर जिसीले बैकको गतिविधी बारेमा प्रकास पार्नुभएको थियो भने शाखा प्रमुख सन्तोपा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## हार्दिक बधाई



यस पोखरा रोयल सहकारी संस्था लि.का मुख्य प्रबन्धक **श्री मीलन ढकाल ज्यू** कास्की बचत तथा सहकारी संघ लि. कास्कीबाट राईफाइसन उत्कृट सहकारी व्यवस्थापक अवार्ड २०७५ बाट पुरस्कृत हुनुभएकोमा **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**पोखरा रोयल सहकारी संस्था लि.**
**Pokhara Royal Co-Operative Society Ltd.**
पोखरा म.न.पा-१०, बुद्धचोक
**परिवार**

## दिदिबहिनीहरू उद्यमशीलताको यात्रामा

“आमा दिदीबहिनी हो कति बस्छौ दासी भै सुखको सधै प्यासी बनेर” कलाकार जेबी टुहुरेको यो जागरण गीत सबै आमा दिदीबहिनीहरूलाई घरको चुलो चौकामा मात्र सिमित नरहन आह्वान गरिएको गीत हुनुपर्छ । तर हाम्रो सामाजिक अवस्था ठ्याक्कै त्यस्तो छैन । अझैपनि महिलाहरू घरको काम र परिवारको हेरचाहमा नै बढी व्यस्त भएको पाईन्छ । के महिलाहरू सामुहिक रूपमा उद्यम गर्न सक्छन् ? के उनीहरूले जीवनभर आफ्नो घरको चुलो चौकामा हासिल गरेको शीप बाहिर देखाउन सक्दैनन् ? यसको ज्वलन्त उदाहरण हो पोखरा रोयल संगै सञ्चालनमा आएको रोयल दिदीबहिनी किचन ।




सहकारीसंग आवद्ध ९९ जना महिला दिदीबहिनीहरूको पहलमा स्थापना भएको किचनमा अहिले १२९ जना महिलाहरू सदस्यको रूपमा आवद्ध भईसकेका छन् । जसमा अन्य सहकारी र संघ संस्थाका महिलाहरूको समेत आकर्षण बढेको छ । करिब ३ करोडको लागतमा सञ्चालनमा आएको किचन तथा बैक्यूट महिलाहरूको व्यवस्थापन र नेतृत्वमा स्वच्छ, स्वस्थ, सफा र घरको स्वादमा विभिन्न परिकारहरू उपलब्ध गराउने र स्तरीय सेवा प्रदान गर्दै आईरहेको छ । हाल १८ जनालाई प्रत्यक्ष रोजगारी दिईरहेको किचनको रेष्टुरेण्ट तर्फ करिब १०० जनासम्मको क्षमता र बैक्यूट हलमा २०० जनासम्मको क्षमता रहेको किचनकी अध्यक्ष मैना गुरूङ बताउनुहुन्छ । महिलाहरूद्धारा सञ्चालित सहकारी मोडलको कम्पनी यो क्षेत्रको लागि नमूना सेवा उद्योगका रूपमा परिचित भएको छ । सदस्य महिलाहरू आफै ग्राहकको सेवामा खटिरहेको छन् भने कम्पनीमा आवद्ध महिलाहरूलाई विभिन्न शीपमूलक तालिमहरू प्रदान गरी व्यवसायलाई पूर्ण रूपमा महिलाहरूबाट मात्रै सञ्चालन गर्ने योजना रहेको समेत अध्यक्ष गुरूङले बताउनुभयो । हाल विभिन्न क्षेत्रका सहकारी तथा महिला समूहहरू अध्ययन भ्रमण र अनुभव आदान प्रदानका लागि आउने गरेका छन् ।

## सहकारी दिवसको अवसरमा अन्तरकृया कार्यक्रम

**सुरेन्द्र पौडेल :**

पोखरा महानगरपालिकाका कार्यबाहक प्रमुख मञ्जुदेवी गुरूङले सहकारीको प्रवर्द्धन र व्यवस्थापनका बारेमा महानगरले सहकारी ऐन निर्माण गरेको बताएकी छन् । ६२ औ राष्ट्रिय सहकारी दिवसको अवसवरमा पोखरा महानगरपालिकाको आयोजनामा सहकारी सम्वन्धि अर्न्तक्रिया कार्यक्रममा बोल्दै उनले केन्द्र र प्रदेशसंग नबाँझिने गरी महानगरले ऐन तथा नियमावली बनाएर सहकारीलाई व्यवस्थित गर्ने काम सुरू गरेको बताउदै पोखरा महानगरले सहकारी सम्वन्धि बनाउने ऐन, नियमावली उत्कृष्ट हुनुपर्ने बताइन् ।




उनले देशकै ठूलो महानगर भएकाले पोखराले कस्तो ऐन बनाउछ भन्ने चासो रहेको बताउदै सवैले अनुशरण गर्नसक्ने गरी ऐन, नियमावली बनाउनु पर्ने बताइन । कास्की जिल्ला सहकारी संघका उपाध्यक्ष बलराम गौतमले सहकारीले देशको आर्थिक समृद्धिमा महत्वपूर्ण भुमिका खेलेको बताए ।

कार्यक्रममा सहकारीकर्मी पुण्य प्रसाद पौडेल, कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष सुदीप ढकाल, महानगर सहकारी व्यवस्थापन समितिका सदस्य ओम प्रसाद सुवेदी लगायतले सहकारीका बारेमा बोलेका थिए । कार्यक्रममा महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले महानगरले बनाएको सहकारी ऐन र महानगर सहकारी व्यवस्थापन समितिका सदस्य भीम गुरूङले अव बन्ने सहकारी नियमावलीमा समावेश गरेर जानुपर्ने विषयका बारेमा जानकारी गराएका थिए । कार्यक्रम पोखरा महानगर सहकारी व्यवस्थापन समितिका अध्यक्ष तेज नारायण अधिकारीको अध्यक्षतामा भएको थियो ।

## रोयलका सदस्यलाई ५ लाख वीमा राहत

*२०७५ फागुन*

पोखरा रोयल सहकारी संस्थाले पोखरा महानगरपालिका वडा नं-१३ निवासी शेयर सदस्य स्व. असगर मियाकी धर्म पत्नी जोहमनमिसा मियालाई एक कार्यक्रमका बीच जीवन वीमा वापतको रू. ५ लाख २५ हजार राहत रकम हस्तान्तरण गरेको छ। शेयर सदस्य असगर मियाले संस्थाको वित्तीय सेवा लिने क्रममा २०७५ आश्विन ९ गते सहकारी मार्फत नेशनल लाईफ ईन्स्योरेनस कम्पनी पोखरा शाखामा रू. ५ लाख बराबरको लघु अमृत म्यादी वीमा गरेका थिए। मियाको वीमा गरेको १ महिनाको अवधिमा नै (२०७५ कात्तिक १० गते) आफ्नै निवासमा असामयिक निधन भएको थियो।



बीमा वापतको राहत रकम संस्थाका अध्यक्ष मेजर तुलसी प्रसाद गुरूङ र नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी गण्डकी प्रदेश कार्यालयका प्रमुख केशवराज ढकालले संयुक्त रूपमा स्व. असगर मियाँकी धर्मपत्नीलाई प्रदान गरेका थिए। रकम हस्तान्तरण कार्यक्रममा संस्थाका सचिव एवं नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका संचालक भीम गुरूङले सहकारीले संस्थाको वित्तीय सुरक्षाको साथसाथै सदस्यहरूको जीवन सुरक्षाको लागि विभिन्न बीमा कम्पनीहरूसंग सहकार्य गरिरहेको बताउदै यो कार्यबाट थोरै भएपनि मृतकको परिवारलाई राहत मिलेको बताए।

## लिवर्डसंग सहकार्य

*२०७५*



पोखरा रोयल सहकारीले आफ्ना कृषक सदस्यहरूलाई कृषि उत्पादन वृद्धि तथा प्राविधिक सेवा प्रदान गर्ने हेतुले लिवर्ड पोखरासंग सहकार्य गरेको छ। संस्थामा आवद्ध ग्रामीण भेगका महिला कृषकहरूलाई स्थानीय स्तरमै गई उनीहरूको चाहना बमोजिम तरकारी खेती, अन्नवाली, बाख्रापालन, कुखुरापालन, मौरीपालन, फलफूल खेती आदिमा भिन्न समूह निर्माण गरी सहकारीले वित्तीय साक्षरता साथै लघु कर्जा प्रदान गर्ने र लिवर्डले प्राविधिक सेवा दिने गरी कार्य अगाडि बढाइएको संस्थाका सचिव भीम गुरूङले बताउनु भयो। यसका लागि सहकारी र लिवर्डको सदस्यहरू सम्मिलित एक्सन कमिटी समेत गठन गरिएको छ। एक्सन कमिटीले पहिलो चरण अर्न्तगत कृषकहरूको तथ्यांक संकलन, माग संकलन र रैथानी विउविजन र किसानहरूको समस्या पहिचान गरी योजना बनाउने काममा लागिरहेको छ। यसैबीच सहकारीका महिला सदस्यहरूबाट सञ्चालित रोयल दिदीबहिनी किचनको लागि समेत स्थानीय रैथानै परिकार निर्माण गर्ने कार्यमा समेत लिवर्ड पोखराले सहयोग गर्ने भएको छ।


## 'हिरो अफ द क्वाटर'



**सन्तोष पौडेल**
सुपरिवेक्षक पाचौं
Hero of the 1st Quarter



**विजया श्रेष्ठ**
सुपरिवेक्षक छैटौं
Hero of the 2nd Quarter



**देवी गुरुङ**
सुपरिवेक्षक छैटौं
Hero of the 3rd Quarter

यस संस्थाको उन्नती प्रगतिको क्षेत्रमा विशिष्ट योगदान दिनुभई त्रैमासिक कार्यसम्पादन मुल्याङ्कनमा उत्कृष्ट अंक प्राप्त गरी हिरो अफ द क्वाटर हुन सफल हुनुभएकोले यहाँहरुलाई **हार्दिक बधाई** सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
परिवार

## PALM Workshop सम्पन्न

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्धारा प्रर्वद्धित पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रावेसन) कार्यक्रममा सहभागी कास्की ७, गुल्मी १, पाल्पा १ लमजङ्ग १ गरी जम्मा १० वटा सहकारी संस्थाहरू सम्मिलित गण्डकी क्लष्टरप्रथमको ८ औं कार्य कुशलता तथा सिकाइ व्यवस्थापन कार्यशाला (Proficiency and Learning Management (PALM) Workshop) कास्की जिल्ला पोखरा १९ पुरून्चौर स्थित श्री जनसेवा साकोसको आयोजना तथा नेफ्स्कूनको प्राविधिक सहयोगमा आयोजक संस्थाको सभा हलमा सम्पन्न भयो ।



आयोजक जनसेवा साकोसको अध्यक्ष श्री लिलाधर अधिकारी अध्यक्ष तथा पोखरा महानगरपालिकाका बडा नं. १९ का अध्यक्ष शोभा मोहन पौडेल प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यशालामा प्रोवेसन कार्यक्रममा सूचकमा आएको परिवर्तन तथा सदस्यता केन्द्रीयता सूचकाँक सम्बन्धमा नेफ्स्कून प्रमुख कार्यकारी प्रमुख शिवजी सापकोटाले प्रस्तुति करण गर्नुका साथै सहभागि १० वटै साकोसका व्यवस्थापकहरूले संस्थामा प्रोवेसन कार्यक्रम सहभागि भएपछि आएका सुधार सहितको प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण नेफ्स्कून सदस्य सेवा बिभाग प्रमुख दुर्गा प्रसाद ढकाल गर्नुभएको थियो । उक्त कार्यशालाले आगामी ९ औं कार्य कुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला २०७६ जेठ १८ गतेका दिन हितैषी साकोस पोखरा १६ को आयोजना र नेफ्स्कूनको प्राविधीक सहयोगमा सम्पन्न गर्ने निर्णय गरेको छ ।

## सफलताको योजना सम्बन्धी तालिम

कोअपरेटिभ म्यानेजर्स क्लब कास्कीको आयोजना र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) को प्राविधिक सहयोगमा उक्त तालिम सम्पन्न भएको हो । प्रमुख अतिथि नेफ्स्कुन सञ्चालक भीम गुरूङले रणनीतिक योजना बनाएर अगाडि बढे मात्र सहकारी सञ्चालनमा सफल भइने बताए ।



उनले सहकारी संस्था ठूलो बनाउनु भन्दा गुणात्मक रूपमा कसरी सफल र सेवा मुखी बनाउने भन्ने विषय सोच्नु आवश्यक रहेको बताए । उनले भने, 'सहकारी अभियान सफल हुँदै गएको छ । सरकारले कर छुट गरिदिएको छ । संख्यात्मक रूपमा घटाएर गुणात्मक सहकारी बनाउने अबको अभियान रहने छ ।' प्रशिक्षक नेफ्स्कुनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले सहकारीका व्यवस्थापक, सदस्य र सञ्चालकको पुल भएर काम गर्नुपर्ने बताए । उनले समयअनुसार आफूलाई परिवर्तन गर्न सकिएन भने संस्था सफल बनाउन नसकिने उल्लेख गरे ।

अध्यक्षको आसनबाट कोअपरेटिभ म्यानेजर्स क्लब अध्यक्ष मीलन ढकालले सिकेका ज्ञान र सीप व्यवहारमा उतारी कास्कीको सहकारी अभियानलाई सफल पार्न निरन्तर सबैको साथ र सहयोगको भूमिका रहेने बताए । कार्यक्रममा स्वागत उपाध्यक्ष डम्बर सिंह बस्नेत र सञ्चालन सचिव अपिल कोइरालाले गरेका थिए । तालिममा ५२ सहकारीका कार्यकारी प्रमुख तथा म्यानेजरहरूको सहभागिता थियो ।

## मैत्रीपूर्ण भलिबल सम्पन्न

*२०७६ बैशाख*

पोखरा रोयल सहकारीले आफ्नो दैनिकी कामलाई मात्र नभई कर्मचारीहरू बीचको आत्मियतालाई स्वस्थ्य प्रतिस्पर्धा गराउनका लागि मैत्रीपुर्ण भलिबल खेल सम्पन्न भएको छ। संस्थाको लेखा शाखा र ऋण शाखाकाकर्मचारीहरू बीच मैत्रिपुर्ण खेल खेलिएको थियो । उक्त खेलमा लेखा शाखाले ३ सेट र ऋण शाखाले २ सेट हात पारी लेखा शाखा बिजयी भएको थियो । सोही दिन पोखरा रोयल साकोस र रोयल दिदीबहिनी किचनका कर्मचारीहरू बीच भएको मैत्रीपुर्ण खेलमा २-१ सेटलेपोखरा रोयल सहकारी बिजयी भएको थियो ।



'स्वास्थ्यका लागि खेलकुद' भन्ने मुल नाराका साथ आयोजना गरिएको खेल पोखरा १० रामघाटमा रहेको टप्स मा.वि.मा सम्पन्न भएको थियो । संस्थालेयस्ता खालका कार्यक्रमहरू भबिष्यमा पनि आयोजना गर्ने जानकारी संस्थाका प्रशासन बिभाग प्रमुख उमनाथ आचार्यले बताउनु भयो ।

## नेफस्कून साकोस अन्तरक्रिया

नेफ्स्कून फिल्ड कार्यालय पोखराको आयोजनामा कास्की जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरू माझ एक दिवसीय व्यवसाय प्रर्वधनात्मक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा बोल्दै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले संघद्वारा सञ्चालन भई रहेका साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी भई साकोसको दीगो र सुरक्षित विकासमा एक भएर लाग्न सबै साकोस अभियान कर्मीहरूलाई आग्रह गर्नुभएको थियो । उहाँले सहकारी क्षेत्रको सशक्तीकरणका लागि सहकारी मार्फत सामाजिक न्याय, वित्तीय पहूँच र वित्तीय समावेशीकरणलाई सम्बोधन गर्दै समुदायमा आधारित राष्ट्रिय बचत बृद्धि गर्न लाग्नुपर्ने बताउनुभयो ।

नेफ्स्कूनका सञ्चालक सदस्य एवं गण्डकी प्रदेश संयोजक भिम बहादर गुरूङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेफ्सकूनका स्तरीकरण कार्यक्रममा आवद्ध विभिन्न १७ बचत तथा ऋण सहकारी संस्थाहरूबाट ३५ जनाको सहभागिता रहेको थियो ।

# हार्दिक समवेदना



स्व.क्या.टिकप्रसाद गुरुङ



स्व. अस्गर मिया



स्व. चन्दन गिरी

यस संस्थाका शेयर सदस्यहरु क्रमश क्या. टिकप्रसाद गुरुङ, अस्गर मिया र चन्दन गिरीको असामयिक निधनले यस पोखरा रोयल सहकारी संस्था लि. मर्माहित एवं स्तब्ध भएको छ । यस शोकको घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भन्दै मृतात्माको चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

मे. तुलसी प्रसाद गुरुङ
अध्यक्ष एवं
पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
परिवार

## २०७५ चैत्र मसान्त सम्मको वित्तिय बिबरण

### संक्षिप्त पोखरा रोयल २०७५ चैत्र मसान्त सम्म

| | |
|---|---|
| शेयर पुँजी | १८ करोड ४३ लाख |
| जगेडा कोष | ७ करोड ८८ लाख |
| अन्य | १ करोड ३२ लाख |
| ऋण सुरक्षण कोष | ५ करोड ५० लाख |
| निक्षेप | १ अर्ब १८ करोड |
| ऋण लगानी | १ अर्ब १५ करोड |
| स्थिर सम्पत्ति | २ करोड ८८ लाख |
| सञ्चालन बचत | ४ करोड ७९ लाख |
| कुल सम्पत्ति | १ अर्ब ६४ करोड |
| सदस्य संख्या | ५२१० |
| कर्मचारी | ३३ |
| कार्यालय | ३ |

## व्याजदर परिवर्तन सम्बन्धी जानकारी

### साधारण बचत खाता

| क्र.स. | खाताको नाम | व्याजदर | क्र.स. | खाताको नाम | व्याजदर |
|---|---|---|---|---|---|
| १ | साधारण बचत | ६% | ७ | नारी बचत | ६.७५% |
| २ | रोयल बचत | ६.२५% | ८ | संस्थागत बचत | ६% |
| ३ | दम्पत्ती बचत | ६.५% | ९ | भ्रमण बचत | ९% |
| ४ | रेमिटान्स बचत | ६.५% | १० | लघु बचत | ९% |
| ५ | बिमा बचत | ६.५% | ११ | छुनुमुनु बचत | १०% |
| ६ | जेष्ठ नागरिक बचत | ६.७५% | १२ | नियमित बचत | १२% |

### आवधिक बचत खाता

| अवधि | व्याजदर | अवधि | व्याजदर | अवधि | व्याजदर |
|---|---|---|---|---|---|
| ६ महिना | १०% | २ वर्ष | ११% | ४ वर्ष | १२% |
| १ वर्ष | १०.५% | ३ वर्ष | ११.५% | ५ वर्ष | १२.५% |
| ५ वर्ष भन्दा माथि आपसी समजदारीमा | | | | | |

### मुद्दती बचत खाता

| अवधि | मासिक व्याजदर | त्रैमासिक व्याजदर | एकमुष्ठ व्याज | अवधि | मासिक व्याजदर | त्रैमासिक व्याजदर | एकमुष्ठ व्याज |
|---|---|---|---|---|---|---|---|
| ३ महिना | - | - | ८% | १ वर्ष | ९.५% | १०% | १०.५% |
| ६ महिना | ८.५% | ९% | ९.५% | २ वर्ष | १०% | १०.५% | ११% |
| ९ महिना | ९% | ९.५% | १०% | ३ वर्ष | १०% | १०.५% | ११% |
| ३ वर्ष भन्दा माथि आपसी समझदारीमा | | | | | | | |

**ऋण शिर्षकमा १४% देखि १६% सम्म**

## कबिता



शुभद्रा देवी शर्मा
*सहायक तेस्रो*
*लघुवित्त विभाग*

पोखरा रोयल सहकारीको नामले परिचित,
पर्यटकीय नगर पोखराको बुद्धचोकमा अवस्थित ।
तीनैवटा सेवा केन्द्र सञ्चालनमा रहेको,
१८ बर्ष पुगेछ नि संस्था स्थापना भएको ।
कास्की, तनहुँ, स्याङ्जा, लमजुङ्ग संस्थाको कार्य क्षेत्र,
बिहानीको झुल्के घामसरी झुल्क्यो पोखरा भित्र ।
एक रूपैयाँको सिक्का भित्र माछापुच्छ्रे अंकित,
रोयललाई देखेर भित्र भित्रै हुन्छन् सबै मोहित ।
विनियम, निती नियम छन नि यसको मापदण्ड,
सदस्यको सेवा सुबिधामा गर्दैन नि घमण्ड ।
सिपमुलक, आत्मनिर्भर, स्वरोजगार सदस्यको पुर्वाधार,
शिक्षा, स्वास्थ्य कार्यक्रम गरी बन्दै छ नि जिम्मेवार ।
सधैं घनिष्ट छ सम्बन्धमा सदस्य र कर्मचारी
बिभिन्न क्षेत्रमा सदस्यलाई बनाउदै छ स्वरोजगारी ।
ग्रामिण र विपन्न वर्गको उत्थान गर्न भनी,
लघुवित्त मार्फत पुगेको छ बस्ती बस्ती पनि ।
छुनुमुनु, नारी देखी ज्येष्ठ नागरिक सम्म
जन्मै देखी मृत्युसम्म रोयलको अचम्म ।
संस्थाको लक्ष्य रहेको छ उत्कृष्ट हुने नेपालको,
उदाहरण दिनु पर्दा पहिलो नाम रहोस रोयलको ।
अझै माथि जाओस सदस्यको जीवनस्तर सुधारी,
प्रगतीको शिखर चुमिरहोस पोखरा रोयल सहकारी ।

सहकारी समाचारका लागिः प्रकाशन उप-समिति संयोजकः हरिबहादुर गुरुङ्ग, सदस्यः चन्द्रकला श्रेष्ठ, पोमबहादुर गुरुङ्ग
पोखरा रोयल सहकारी लिमिटेड, पोखरा महानगरपालिका-१०, बुद्धचोक, कास्की
फोनः ०६१-५३८८३३, फ्याक्स नं.: ०६१-५२०८३३, Email: info@royalcooperative.com, URL: www.royalcooperative.com